लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

कपिलवस्तु, तौलिहवा

पत्र संख्या : २०८२/०८३
च.नं. : २५२

सूचना नं. ०२/२०८२/०८३

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/११/२५

यस कार्यालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम अन्तर्गत कपिलवस्तु र अर्घाखाँची जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रम सञ्चालनका लागि प्रति जिल्ला रु. २,००,०००/ का दरले कुल रु. ४,००,००० बिनियोजन भएकोमा उक्त कार्यक्रम संचालन गर्न सि.वि.आर सम्बन्धी (गैर सरकारी, स्वाबलम्बी, पुनस्थापना र विकास सम्बन्धी) काम गर्ने संस्था छनौट गरी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सम्बन्धित संघ, संस्थाहरुलाई मिति २०८२/१०/२० मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा पर्याप्त मात्रामा प्रस्ताव पेश हुन नआएकोले पुन यो सूचना प्रकाशन प्रकाशन गरिएको छ। सूचनामा उल्लेखित मितिले ७ दिन भित्र (कार्यालय समय भित्र) यस कार्यालयमा तपसिल बमोजिमका कागजातहरु समेत संलग्न गरी प्रस्ताव पेश गर्नको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। थप जानकारी र विवरणको लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्वीकृत अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को लागि sddokapilvastu.lumbini.gov.np वा mosd.lumbini.gov.np मा हेर्न समेत सूचित गरिन्छ।

तपसिल

१. **मूल्याङ्कनका आधारहरु: पूर्णाङ्क -५०**

क) अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव वापत- अंक २०

- कम्तिमा १ वर्ष अनुभव भएकोमा- अंक १०
- १ वर्ष देखि ३ वर्ष सम्म अनुभव भएकोमा – अंक १५
- ३ वर्ष भन्दा माथि अनुभव भएकोमा- अंक २०

ख) संस्थामा कार्यरत सि.बि.आर. तालिम लिएका जनशक्तिको विवरण वापत- अंक १०

- १ देखि ३ जना -अंक ८
- ४ वा सो भन्दा माथि- अंक १०

ग) भौतिक पूर्वधारको अवस्था- अंक १०

- आफ्नै भवनमा कार्यालय रहेको – अंक १०
- भाडामा कार्यालय रहेको- अंक ७

घ) संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली भएको – अंक ५

ङ) स्थानीय तहले निर्धारण गरेका अन्य आधारहरु- अंक ५

**संस्थाको छनौट प्रक्रियाको लागि संस्थाले प्रस्तावसंगै अनिवार्य संम्लग्न गर्नुपर्ने कागजपत्र तथा अन्य विवरण**

पुण्य प्रसाद न्यौपाने
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

कपिलवस्तु, तौलिहवा

पत्र संख्या : २०८२/०८३
च.नं. :

क) संस्थाको निवेदन

ख) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात

ग) संस्था दर्ता प्रमाणपत्र/ नबीकरण र संस्थाको विधान

घ) प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी

ङ) गत आ.व. को वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन

च) प्रस्तावना पेश गर्ने संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी

छ) संस्थाको आफ्नै भवन भएकोमा सोको जग्गाधनी पुर्जाको प्रतिलिपी

ज) संस्था भाडामा रहेकोमा घरधनी संगको सम्झौतापत्र

झ) कार्य र जनशक्ति सि.वि.आर. सहजकर्ताको विवरण खुल्ने कागजात

ञ) संस्था रहेको स्थानीय तहको सिफारिस

उपरोक्त कागजात अनिवार्य पेश गर्नुपर्नेछ थप जानकारीको लागि सम्पर्क नं. ९८५७०५००१३ र ९८४७०८२०१७ मा सम्पर्क गर्न सकिनेछ ।

पुन्य प्रसाद न्यौपाने
नि. कार्यालय प्रमुख